ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २९९
१६ साउन २०८० मंगलबार
1 Aug. 2023, Tuesday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## पछिल्लो समय मधेशमा भएका प्रहरी ज्यादतीका घटनाप्रति गम्भीर ध्यानाकर्षण: इन्सेक




**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, महेन्द्रनगर**

मधेश प्रदेशमा श्रृङ्खलाबद्ध रूपमा भइरहेका प्रहरी ज्यादतीका घटनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको इन्सेकले जनाएको छ । आज साउन १५ गते दिउँसो मात्रै पनि मानव अधिकार ज्यादती पीडितको सहायताका लागि जिल्ला प्रहरी कार्यालय, सप्तरी पुगेका इन्सेकका जिल्ला प्रतिनिधि मनोहर कुमार पोखरेलमाथि असई राजेश्वर महतोले कार्यालय परिसरमा कुटपिट गरेको घटनाले प्रहरी ज्यादतीको निरन्तरता झल्कन्छ । लहान, सिराहाबाट उजुरी दर्ता गराउन राजविराज पुगेका स्थानीयलाई सहयोग गर्न राजविराजस्थित जिल्ला प्रहरी कार्यालय गएका बेला पोखरेललाई असई महतोले कुटपिट गरेको पीडितले बताउनु भएको छ । आँखा र संवेदनशील अङ्गमा चोट लागेर घाइते हुनुभएका पोखरेलको उपचार गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भइरहेको छ । 'मानव अधिकारको परिपालना गर्दै शान्ति सुरक्षा बहाल गर्ने दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवार निकाय प्रहरी कार्यालय परिसरभित्र सुपरिचित मानव अधिकार रक्षक र पत्रकारमाथि गुण्डागर्दीको शैलीमा बल प्रयोग गर्ने प्रहरीउपर कारबाही अघि बढाएर मानव अधिकारप्रतिको प्रतिबद्धतामा कायम रहन हामी सरकार समक्ष जोडदार माग गर्दछौं ।'-इन्सेकका अध्यक्ष कुन्दन अर्यालद्वारा साउन १५ गते जारी विज्ञप्तिमा उल्लेख छ ।'मधेश प्रदेशमा भइरहेका अनुचित र अत्यधिक बल प्रयोग, यातना र हिरासतको मृत्युका घटनाहरूका सम्बन्धमा गहन छानबिन प्रारम्भ गरी जुनसुकै तहका दोषी प्रहरीउपर अबिलम्व कारबाही चलाउन नेपाल सरकार समक्ष माग गर्दछौं । हामी सरकार सँग मानव अधिकार उल्लङ्घनका यस्ता घटनाप्रति शुन्य सहनशीलता अपनाउन ध्यानाकर्षण गराउँदै देशका सबै भूभागका मानव अधिकार अवस्थाको देशभित्र र बाहिरका मानव अधिकार संस्थाहरूबाट निरन्तर मिहिन अनुगमन भइरहेको जानकारी गराउन चाहन्छौं ।'-विज्ञप्तिमा भनिएको छ ।

जनकपुरकी नवविवाहित आरती साहको शङ्कास्पद मृत्युको घटनाका सम्बन्धमा उजुरी दिने माइती पक्षका परिवारजनलाई जिल्ला प्रहरी कार्यालय, धनुषामा बोलाएर पहिले तयार गरिएको उजुरी विपरीतको बयानमा सही छाप गर्न दबाब दिइएको घटना केही समय अघि सार्वजनिक भएको थियो । मृतक आरती साहका परिवारजन उक्त घटनामा धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले यातना दिएको बताउँदै राजधानीको माइतीघर मण्डलामा विगत डेढ महिनादेखि धर्नामा रहेका छन् ।

## दुई जना मन्त्री नियुक्त



**जनकपुरधाम-** मधेश प्रदेशमा छैटौं पटक मन्त्रिपरिषद् विस्तार भएको छ ।

प्रदेशको श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी जनमत पार्टीका चन्दन सिंह र गृह तथा सञ्चार मन्त्रालयको जिम्मेवारी नेपाली कांग्रेसका मोहम्मद समिमलाई दिइएको छ।

दुवै जनाले पद तथा गोपनीयताको शपथ ग्रहण पनि गरिसकेका छन् । नव नियुक्त मन्त्री द्वयले प्रदेश प्रमुख हरिशंकर मिश्रबाट पद तथा गोपनीयताको शपथ लिएका छन् ।

समिम सप्तरी क्षेत्र-३ 'क' निर्वाचित हुन् भने सिंह महोत्तरी क्षेत्र ३ ख का समानुपातिक सांसद सभा सदस्य हुन् ।

मधेश सरकारले आज छैटौं पटक मन्त्रिपरिषद विस्तार गरेको हो । यो सँगै मन्त्रिपरिषदले पूणर्ता पाएको छ भने जसपाबाट विना विभागीय मन्त्री रहेकी सुरिता साह यथावत् छन् ।

## प्रहरी कार्यालयमै पत्रकार पोखरेलमाथि कुटपिट, घटनामा संलग्न उपर कार्वाही गर्न पत्रकार महासंघको माग

**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, सप्तरी**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सल्लाहकार मनोहरकुमार पोखरेलमाथि जिल्ला प्रहरी कार्यालयमा कार्यरत एक जना प्रहरी सहायक निरीक्षक (असई) र ाजेश्वर महतोले जिल्ला प्रहरी कार्यालय सप्तरी भित्रै कुटपिट गर्दै दुर्व्यवहार गरेका छन् ।



समाचार संकलनका लागि सोमबार जिल्ला प्रहरी कार्यालय पुगेका पत्रकार पोखरेललाई असई महतोले दुर्व्यवहार गर्दै कुटपिट गरेको हुन् । जिल्ला प्रहरीस्थित मुद्दा शाखामा जर्बजस्तीकरणी र गर्भपतन सम्बन्धी मुद्दा प्रहरीले दर्ता गर्न नमानेको भनि पीडित पक्षको गुनासोको आधारमा सोही विषयमा जानकारी लिन खोज्दा आफुमाथि असई महतोले दुर्व्यवहार गर्दै कुटपिट गरेको पोखरेलले बताए । कुटपिटबाट घाईते भएका पत्रकार पोखरेलको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भईरहेको छ ।

यता नेपाल पत्रकार महासंघ, सप्तरीले कुटपिट गर्ने असईलाई कार्वाहीको माग गरेको छ ।

घटनाबारे जानकारी पाएर नेपाल पत्रकार महासंघका एक टोली जिल्ला प्रहरी कार्यालय सप्तरी पुगेर प्रहरी प्रमुख एसपी नरेन्द्र कार्कीलाई पत्रकार पोखरेलमाथि कुटपिट गर्ने असई महतोमाथि कारबाही गर्न माग गरेका छन् ।

घटना सम्बन्धमा प्रहरी प्रमुख एसपी कार्कीले जिल्ला प्रहरीको तर्फबाट क्षमायाचना गर्दै कुटपिट गर्ने असई महतोमाथि कानून बमोजिम तीन दिनभित्र कारबाही गर्ने प्रतिबद्धता गरेका छन् । टोली नेतृत्वकर्ता सचिव आरएन विश्वासले तीन दिनभित्र पत्रकार पोखरेलमाथि कुटपिट गर्ने असईमाथि कारबाही नगरिए महासंघ संघर्षमा उत्रिने चेतावनी

*बाँकी पृष्ठ ३ मा*

## सम्सी गाउँपालिकाका लेखापाल राउतविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**धर्वेन्द्रकुमार यादव यदवंशी**

**साउन १५ गते, महोत्तरी**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लेखापाल रौशन कुमार राउतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । कोभिड-१९ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न पश्चात उक्त कार्यक्रमको भुक्तानी दिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत लिई भ्रष्टाचार गरेको आरोपमा महोत्तरीको सम्सी गाउँपालिकाका लेखापाल राउतविरुद्ध आज विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको हो । सेवाग्राहीसँग घुस माग गरिर हेको भन्ने सूचनाका आधारमा अख्तियारको कार्यालय बर्दिबासबाट खटिई गएको टोलीले लेखापाल राउतलाई सेवाग्राहीबाट एक लाख पच्चीस हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा गत असार २० गते नियन्त्रणमा लिएको थियो। अनुसन्धानको सिलसिलामा लेखापाल राउतले एक लाख पच्चीस हजार रुपैयाँ घुस लिएको पुष्टि भएको अख्तियारका प्रवक्ता



भोला दाहालले बताए ।

राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा एक लाख पच्चीस हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को

*बाँकी पृष्ठ ३ मा*

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्यीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# भ्रष्टाचारविरुद्ध सरकार कडारुपमा प्रस्तुत हुनुपर्छ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार भ्रष्टाचार नियन्त्रणका लागि कडा तरिकाले प्रस्तुत भएको छ। सुशासनको पक्षमा अघिल्ला सरकारले मुखले मात्र गर्ने कामलाई प्रचण्ड नेतृत्वको सरकारले कोही कसैसँग पनि सम्झौता नगरी विगतका सबै जसो काण्डको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याएरै छाड्ने दृढताका साथ परिणाममुखी तरिकाले काम गर्न थालेको छ । सरकारको यो काम गराईले विशेषतः प्रमुख प्रतिपक्षी दलमा त्रास पैदा भएको छ । सरकार लोकप्रिय हुने भयो भन्ने भयले ती दलहरूको मुटुमा ढ्याङ्ग्रो ठोक्न थालेको छ ।

भर्खरै एक क्विन्टल सुन काण्डमा केहीलाई सरकारको आदेशमा पक्राउ गरिएको छ । यसमा पनि नेकपा एमालेको आपत्ति नै देखिन्छ । आखिर भ्रष्टचारी पक्राउ पर्दा किन एमालेको टाउको दुख्छ ? भ्रष्टहरू पक्राउ पर्न थालेपछि एमालेका केही सांसदहरूले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा समेत माग्न थालेका छन् । आफ्नो राजनीतिक स्वार्थ पूर्तिका लागि हत्त न पत्त राजीनामा मागिहाल्नु ठिक हुँदैन । भ्रष्टाचारी, दुराचारी, हत्यारा, बलात्कारी आदिलाई पक्राउ गरेर कारबाही गर्दा सरकारले गल्ती गरेको प्रतिपक्षी दललाई लाग्छ भने स्पष्टीकरणको मौका दिनु पर्छ । सुनकाण्डका साथै थन्किएर बसेको ललिता निवास काण्डको फाइल आफू नेतृत्वको सरकारले पुनः खोलेर त्यसमा दोषी देखिएकालाई पक्राउ गर्न थालेपछि प्रधानमन्त्री 'प्रचण्ड'ले आफूले सुशासनका पक्षमा नयाँ तरिकाको क्रान्ति सुरु गरेको समेत बताउने गर्नुभएको छ ।

वर्तमान सरकारले कोही कसैसँग पनि सम्झौता नगरी विगतका सबै जसो काण्डको पुनः निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याएरै छाड्न दृढता व्यक्त गरेको छ। सोही अनुरूप पशुपतिनाथको जलहरीको विषयमा सङ्घीय संसद्मा गम्भीर प्रश्न उठेपछि सरकारले त्यसबारेमा छानबिनसमेत गरिसकेको छ । त्यसै गरी नक्कली भुटानी शरणार्थी प्रकरणमा पनि उच्च तहका राजनीति नेतामाथि छनबिन भई कारबाही भएको छ । नेकपा (एमाले)का सचिव एवं पूर्वमन्त्री टोपबहादुर रायमाझी, सत्तारूढ दलको एक घटक नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाणलगायत नेतालाई यति बेला पूर्पक्षका लागि कारागारमा राखिएको छ। सुशासनका पक्षमा प्रचण्ड नेतृत्वको सरकारले गरेका यी कार्यलाई चानचुने आँक्न सकिँदैन। प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डले पटक-पटक भन्ने गर्नुभएको छ, "यो ट्रेलर मात्र हो, पूरै फिल्म देखाउछौँ ।" भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सवालमा सरकारले कोही कसैसँग सम्झौता नगर्ने पटक-पटक स्पष्ट पार्दै आएको छ । यो कुरा सरकारमा सहभागी सबै मन्त्रीले सार्वजनिक कार्यक्रममा भन्दै आएका छन् ।

# लम्पी स्किनबारे गलत जानकारी

डा. केदार कार्की

धेरै भाइरल सामाजिक सञ्जाल पोस्टहरूले झुटो दाबी गर्छन् कि एलएसडी फैलिएका कारण दूध मानव उपभोगका लागि असुरक्षित भएको छ र संक्रमित जनावरको दूध पिउनाले मानिसमा छाला रोगको विकास हुन्छ। पोस्टहरू प्रायः घाउहरूमा ढाकिएको दृश्यात्मकरूपमा रोगग्रस्त मानव शरीरहरूको छविहरूसँगै हुन्छन् । डर पैदा गर्न डिजाइन गरिएको झुटो दाबीका कारण दुग्ध किसान मारमा परेका छन् । गुगल ट्रेन्ड्सको तथ्याङ्कअनुसार ३० दिनको बीचमा 'के हामी गाईको दूध पिउन सक्छौँ' को खोजीमा ५ हजार प्रतिशत भन्दा बढी वृद्धि भएको छ । गलत सूचनाले दूध सेवनमा सजग बनाएको छ । एलएसडीमा गाईवस्तु गुमाएपछि आर्थिक तनावमा रहेका दुग्ध किसान अहिले दूध किन्न नमान्ने मानिसबाट कलंकको थप बोझ सामना गरिरहेका छन् ।

लम्पी छाला रोग एक एपिजुटिक रोग हो न कि जुनोटिक रोग । संक्रमण क्याप्री पोक्स भाइरसको कारणले हुन्छ जुन आनुवंशिकरूपमा बाख्रा पोक्स र भेडा पोक्स निम्त्याउने भाइरससँग मिल्दोजुल्दो छ। यसले मानिसलाई असर गर्छ भन्ने कुनै प्रमाण छैन। यस प्रकोपले डेरी किसानका लागि ठूलो आर्थिक प्रभाव पारेको छ जुन सामाजिक सञ्जालमार्फत गलत जानकारी फैलाउने कारण बढेको छ ।

नेपालमा अहिले लम्पी स्किन रोग महामारी छ । यो गाई र भैँसीको भेक्टर बोर्न पोक्स भाइरल रोग हो जसमा छालामा मसिना फोका देखिने गर्छन् । यस भाइरसका प्राकृतिक 'होस्ट'हरू गाईवस्तु र एसियाली वाटर बफालो (भैँसी) हुन् । अन्तर्राष्ट्रिय फैलावट र आर्थिक प्रभावको सम्भावनालाई ध्यानमा राख्दै विश्व पशु स्वास्थ्य सङ्गठनले यसलाई सूचनायोग्य रोगका रूपमा वर्गीकृत गरेको छ । एलएसडीले दूध उत्पादनमा कमी, छालामा क्षति, वस्तु व्यापारमा प्रतिबन्ध, शरीरको अवस्था बिग्रने, गर्भपतन, बाँझोपन र भेटेरिनरी हेरचाहको लागतका कारण पशुधन क्षेत्रमा ठूलो आर्थिक प्रभाव पार्छ ।

यो रोग पहिलो पटक सन १९२९ मा जाम्बियामा पहिचान भएको थियो । यसको उत्पत्ति मध्यअफ्रिकाबाट मध्यपूर्व, युरोप र एसियामा सन् २०१३ देखि तीव्र गतिमा फैलिएको छ । भारतले पहिलो पटक सन् २०१९ मा ओडिसा राज्यमा रिपोर्ट गरेको थियो । भारतका वरपरका देशहरू जस्तै- बङ्गलादेश, चीन, नेपाल, भुटान, म्यानमार, श्रीलङ्का, पाकिस्तानमा पनि एलएसडीको प्रकोप देखिएको छ ।

**जोखिमको कारक**

रोग लाग्नका लागि जोखिम कारकमा कृषि जलवायुको प्रभाव, एउटै चरन र जलाशयको बाँडफाँट र विभिन्न सिमानामा जनावरको स्वतन्त्र आवतजावत आदि हुन् । यसले विभिन्न इलाकामा प्रकोप फैलाउन मद्दत गर्छ। एलएसडीको उच्च घटना ओसिलो मौसममा रेकर्ड गरिएको थियो। जब टोक्ने फ्लाइसँग प्रचुर मात्रामा हुन्छ । नेक्रोटिक छाला र हावामा सुक्खा लुगा भाइरसको सम्भावित स्रोत हुन किनभने भाइरस परिवेशको तापक्रममा महिनासम्म रहन्छ । एलएसडी प्रभावित देशहरूबाट उत्पन्न हुने कुनै पनि पशुजन्य उत्पादन मासु, दूध वा छालाको आयात एलएसडी मुक्त देशमा फैलिने सम्भावना हुन्छ। सङ्क्रामक चरणको समयमा, भाइरसले नाक, लच्रिमल, फरिन्जियल स्राव, वीर्य, दूध र रगतमा स्राव गर्छ र अन्य जनावरमा सङ्क्रमणको स्रोतका रूपमा काम गर्न सक्छ ।

**नेपालका लम्पी स्किनको अवस्था**

लम्पी स्किनबाट २८ हजार गाईभैँसी मरे भने ७ लाख ८२ हजार पशुमा सङ्क्रमण भएको छ । तीन वर्षअघि मोरङको सुन्दरहरैचाका गाईमा देखापरेको लम्पी स्किन सङ्क्रामक रोग ७७ जिल्लामै फैलिएको छ।पशु सेवा विभागका अनुसार तीन वर्षमा किसानका २८ हजार गाईभैँसी दुधालु, गर्भिणी, बाच्छाबाच्छी मरेका छन्।२०७९ चैतबाट महामारीको रूप लिएको लम्पी स्किनको सङ्क्रमण ७ लाख ८२ हजार पशुमा भएको छ। हाल सातवटै प्रदेशमा लम्पी स्किनका सक्रिय सङ्क्रमित पशु संख्या २ लाख ३२ हजार छ।

लम्पी स्किनका कारण सबैभन्दा धेरै क्षति सुदूरपश्चिम प्रदेशमा भएको छ।सुदूरपश्चिममा १० हजार ९ सय ३९ पशु मरेका छन् भने ५३ हजार ३ सय १६ सक्रिय सङ्क्रमित छन् । सङ्क्रमणको हिसाबले सबैभन्दा अगाडि कर्णाली छ।त्यहाँ सङ्क्रमित पशु संख्या ६० हजार २ सय ९ पुगेको छ।बाच्छाबाच्छी, जोत्ने गोरु, उन्नत जातका बढी दूध दिने दुधालु र गर्भिणी पशुलाईलाई बढी असर गर्ने लम्पी स्किनका कारण नेपालमा ३८ अर्ब ४१ करोडको क्षति भएको छ।

**आर्थिक प्रभाव**

लम्पी छाला रोगले गाईवस्तु र भैँसीको उत्पादनमा ठूलो आर्थिक क्षति पुर्याउँछ । प्रभावित हुने विभिन्न सरोकारवालाहरू पशुपालक, दुग्ध किसान, कृषक ( सुखार शक्ति), दूध र मासु प्रशोधन र बिक्री गर्ने उद्योग, थोक तथा खुद्रा दुग्ध तथा मासु बिक्रेता, अर्गानिक खेती गर्ने समुदाय, गाईवस्तु ढुवानी र दाना उत्पादक आदि हुन् । सरोकारवालाहरूमध्ये सबैभन्दा बढी असर भूमिहीन वा सीमान्तकृत गरिब, साना र घर पछाडि खेती गर्ने किसानलाई पर्नेछ । यसको सम्पूर्ण भर्ना पशुपालनमा मात्र निर्भर छ । दुग्ध उत्पादनमा कमी, शरीरको अवस्था कम हुनु, छालामा क्षति, खडेरीले गोरुको शक्ति गुमाउनु, प्रजनन समस्या र गर्भपतन, कमजोरी, पशु चिकित्सा उपचार, चकलेटी घाउ, मास्टाइटिस, अस्थायी वा प्यारामेन्ट अन्धोपन जस्ता माध्यमिक जटिलताका कारण आर्थिक घाटा हुने गरेको छ । सबैभन्दा माथि यस रोगले मृत्युदर निम्त्याउँछ । प्रभावित जनावरमध्ये ५ प्रतिशतसम्म प्रत्यक्ष क्षति हुन्छ । अन्य लागतहरूमा निगरानी र नियन्त्रण उपायहरूको र राष्ट्रियलागत, जस्तै- जागरुकता अभियान, अनुगमन र निगरानी कार्यक्रम, मारिएका वा मारिएका जनावरका लागि क्षतिपूर्ति कार्यक्रम, प्रभावित खेतको सरसफाइ र कीटाणुशोधन, नमुना र प्रयोगशाला परीक्षण, खोपहरू खरिद र खोप कार्यक्रमको प्रत्यारोपण, भेक्टरहरू समावेश छन्। नियन्त्रण, जीवित जनावर र उत्पादनहरूको आवागमन र शव निपटानमा प्रतिबन्ध र देश र बाहिर जिउँदो जनावर तथा पशुजन्य वस्तुको निकासीमा प्रतिबन्ध लगाइएपछि व्यवसायी प्रभावित हुनेछन्।

**विभेदक निदान**

एलएसडीको विभेदक निदानमा स्युडो-एलएसडी, डर्माटोफिलोसिस, डर्माटोफाइटोसिस, बोवाइन फार्सी, फोटोसेन्सिटाइजेसन, एक्टिनोमाइकोसिस, एक्टिनोब्यासिलोसिस, अर्टिकेरिया, कीटको टोकाइ, बेस्नोइटिओसिस, नोकार्डियासिस, डेमोडिकोसिस, ओन्कोसेरसियासिस, स्युडोक्सिकोसिस, बोवाइन र मुखसम्बन्धी रोगहरू समावेश छन । होमोलोग्स खोप अभ्यास गरिएको छ भने भ्याक्सिन प्रेरित हल्का रोग विभेदक निदानका लागि विचार गर्नुपर्छ ।

लम्पी छाला रोग एलएसडीको निरन्तर प्रकोपले मे २०२० देखि नेपालका सबै जिल्लालाई असर गरेको छ । यो रोग १९२९ मा जाम्बियामा उत्पन्न भएको थियो। यो रोग पहिलो पटक जुलाइ २०१९ मा दक्षिण एसियामा देखा पर्यो । भारतले अगस्ट २०१९ मा पहिलो पटक लम्पी छाला रोगको प्रकोपबारे आफ्नो रिपोर्ट गरेको थियो। लम्पी क्याप्री पोक्स भाइरसको कारणले हुने एउटा संक्रामक एपिजुटिक रोग हो, जुन गाईवस्तुहरूमा फैलिन्छ।

*नागरिकबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मन्दिरमा रहेको भगवानकै अगाडि नेताको शालिक बनाएको विरोधमा प्रदर्शन



**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, महोत्तरी**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकाको वडा नम्बर- ५ चौरिया गाउँमा रहेको हनुमान मन्दिरमा अवस्थित हनुमान भगवानको मूर्ति अगाडि नेताको शालिक बनाइएको विरोधमा स्थानीय युवाहरुको एक समूहले आज जिल्ला सदरमुकाम जलेश्वर मा प्रदर्शन गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेश सरकारको ६५ लाख रुपैयाको लागतमा चौरिया गाउँमा रहेको हनुमान मन्दिरकै प्राङ्गनमा स्वर्गीय नेता गणेश नेपालीको शालिक तथा पार्क निर्माण योजना अन्तर्गत मन्दिरभित्र रहेको हनुमान भगवानको ठीक पहिले नेता नेपालीको शालिक बनाएर भगवानलाई ओझेलमा पारेको र नेतालाई भगवान भन्दा ठूलो बनाएको भन्दै स्थानीय करीब ५० जना युवाहरुले जलेश्वरमा प्रदर्शन गरेका छन् ।

स्व.नेता गणेश नेपालीका छोरा नेपाली काँग्रेसका नेता बजरंग नेपालीले मधेश प्रदेश सरकारबाट आफ्नो पहुँचको आधारमा बजेट ल्याएर मन्दिरभित्रै शालिक निर्माण गरेर साँस्कृतिक अपराध गर्नुका साथै बजेटको दुरुपयोग गरेर लाखौ अनियमितता समेत गरेको आरोप लगाउँदै युवाहरुले महोत्तरीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र समेत बुझाएका छन् ।

हिन्दु बाहुल्यता रहेको नेपालको आराध्यदेव पशुपतिनाथ, माता सीता, गौतम बुद्ध सहित देशमा विभिन्न गाउँठाउँमा रहेको विभिन्न देवी देवताका मन्दिरमा कही, कतै पनि कुनै नेता वा शहिदको शालिक बनाएको छैन् ।

तर चौरिया गाउँमा भगवान हनुमानको मूर्ति अगाडि हनुमानको मूर्ति भन्दा पनि ठूलो आकारमा बनाइएको यस शालिकले हिन्दुहरुको धार्मिक आस्थामाथि ठूलो प्रहार गरेको भन्दै स्थानीयहरुले प्रमुख जिल्ला अधिकारीलाई सम्बन्धित सरोकारवाला निकायसमक्ष यस ज्ञापन पत्र पठाइदिन आग्रह गरेको ज्ञापन पत्रमा उल्लेख छ ।मधेश प्रदेशको ६५ लाख बजेटलाई बजरंग नेपालीले आफ्नो खल्तीको मान्छे स्थानीय मदन कापरलाई अध्यक्ष बनाएर १५ लाख र उनका छोरा रबिन कापरलाई अध्यक्ष बनाएर ५० लाखको लागतमा शालिक र पार्क निर्माण सम्पन्न भएको देखाएर ठूलो आर्थिक अनियमितता समेत गरेको स्थानीयहरुले आरोप लगाएका छन् ।

हनुमान मन्दिरमा पूजा अर्चन गर्न जाने जोकोहीलाई पनि भगवान भन्दा पहिले स्व.नेता गणेश नेपालीको शालिकको दर्शन गर्नुपर्ने अवस्था सिर्जना गरेर बजरंग नेपालीले नियतवस हिन्दु धर्ममाथि खेलबाड गरेको समेत ज्ञापन पत्रमा उल्लेख छ ।

मन्दिरभित्र शालिक निर्माण गर्न पाउँदैन, भ्रष्टाचारी बन्द गर, भ्रष्टाचारीलाई कारबाही गर, भगवानको मूर्ति अगाडि नेताको शालिक राख्न पाउँदैन, बजरंग नेपाली मुर्दाबाद लगायतका नारहरु लगाउँदै स्थानीयहरुले जलेश्वर नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी, जिल्ला प्रहरी कार्यालय महोत्तरी र जलेश्वर नगर पालिकाका मेयर सुरेश साह सोनार लाई समेत ज्ञापन पत्र बुझाएका छन् ।प्रदर्शनकारीहरुले मन्दिर प्राङ्गनबाट नेताको शालिक तुरुन्त हटाइनुपर्ने, योजनामा २५/३० लाख खर्च भएकोलाई ६५ लाख खर्च देखाएर गरिएको भ्रष्टाचारलाई सरोकारवाला निकायहरुले स्थलगत अनुगमन निरीक्षण गरेर अनियमितता भएको रकमा बाँकी सरह असुल उपर गर्नुपर्ने र दोषी देखिएकाहरुलाई नेपालको कानून बमोजिम हदैसम्मको कारबाही गरिनुपर्ने माँग गरेका छन् ।




# विजुलीको पोलमा बाँधेर पशु सरह एक युवकलाई निर्घात कुटपिट, एक जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, रौतहट**



रौतहट सदरमुकाम गौरमा एक युवकलाई केही स्थानीयहरुले विजुलीको पोलमा बाँधेर निर्घात कुटपिट गरेको समाचार प्रकाशमा आएको छ ।

गौर नगरपालिका वडा नम्वर ३ का २० बर्षिय प्रिन्स अन्सारीलाई सोही वडाका वडाध्यक्षाको रोहवरमा विजुलीको पोलमा आईतवाद दिउसो ४ बजेको समयमा बाँधेर पशु सरह निर्घात कुटपिट गरेको हो ।

गत शुक्रवार जुम्माको नेमाज सकेर आइसक्रिम खाने विषयमा बादविवाद भई सामान्य झै झगडा भएका थिए । सोही रिसिइवीलाई लिएर घरमा कोही नभएको मौका छोपी भाईलाई घरबाट बाहिर निकालेर विजुलीको पोलमा बाँधी पशु सरह साजिद, उसको वुवा, भाई, बतहा र आश मह्म्मदले प्लास्टिकको पाइप, मुक्का, लाठी, खुटाले निर्घात कुटपिट गरेर मरणासन्न बनाएको पिडित युवकको दाजु इलियास अन्सारीले बताए ।

भाई प्रिन्सलाई अमानविय व्यवहार एवं तालिवानी शासन जस्तो वडाध्यक्ष अन्सारुल भन्ने अब्दुल ताहिरको रोहवरमा यसरी यातना दिनु मानवअधिकारको चरम उलंघन गरेको आरोप लगाए । भाई माथि गरिएको पशुजन्य व्यवहार विरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा किटानी उजुरी गरेको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी उमाशंकर प्रसाद यादवले पिडित पक्षले दिएको उजुरीको आधारमा एक जनालाई पक्राउ गरिएको तथा अन्यको खोजीकार्य भईरहेको तथा सो सम्बन्धी आवश्यक अनुसन्धान प्रहरीले गरिरहेको बताए ।

# पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

**सप्तरी।** सप्तरीमा पोखरीमा डुबेर दुई बालिकाको मृत्यु भएको छ ।

आइतबार दिउँसो सप्तरीको बोदेबर्साईन नगरपालिका ३ बस्ने महादेव साहको पोखरीमा सोही नगर पालिकाको वडा नं. १ धनगढी बस्ने विध्यानन्द साहको ८ की किरन साह र वडा नं. ६ फुलकाही बस्ने धनराज साहको ८ वर्षीया छोरी शिवानी साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । भैँसीलाई पोखरीमा नुहाउन जाने क्रम्मा पोखरीमा डुबेर दुवैजनाको मृत्यु भएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।

घटना स्थल सुरक्षित राखिएको तथा यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक सिंहले जानकारी दिए ।

## प्रहरी कार्यालयमै पत्रकार पोखरेलमाथि कुटपिट...

दिए ।

'नागरिकलाई सूचित गराउने अधिकार बोकेका सञ्चारकर्मीलाई यसरी जिल्ला प्रहरी कार्यालयमै एक जना असईबाट कुटपिट हुनु भनेको प्रेसमाथिको ठाडो हस्तक्षेप भएको ठहर पत्रकार महासंघको छ' सचिव विश्वासले जारी गरेको विज्ञप्तीमा भनिएको छ, ' पछिल्लो केही दिनदेखि सप्तरीका प्रहरी-प्रशासनको तर्फबाट यसरी नै प्रेसविरुद्धको क्रियाकलाप हुँदैगएको छ । यस्ता घटनालाई नियन्त्रण गर्न र संविधानमै उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रतालाई कायम गर्न गृह मन्त्रालय समेतको ध्यानाकर्षण गराउन चाहन्छु ।'

## सप्सी गाउँपालिकाका लेखापाल राउतविरुद्ध...

दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको प्रवक्ता दाहालले बताए ।




*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*
*कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*
**औरही नगरपालिका कार्यालय**
**महोत्तरी**

# मिथिला नगरपालिकाको नगरसभा सम्पन्नन, अगामि अनुमानित बजेट ८० करोड




**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, ढल्केवर**

मिथिला नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि अनुमानित करिव ८० करोड बजेट प्रस्तुत गरेको छ ।

नगरपालिकाको मुख्यबजार क्षेत्र ढल्केवरमा आयोजित १२ औं नगर सभामा नगरप्रमुख महेन्द्र महतोले अगामि आर्थिक वर्षको निति तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।

चालु तर्फ ६२ करोड र पुजीगत तर्फ १८ करोड गरि सो परिमाणको बजेट प्रस्तुत गरिएको छ । नगरसभाको समुदघाटन सत्रमा बोल्दै कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले मिथिला नगरपालिका क्षेत्र नं. चारको पनि मध्य र केन्द्र बिन्दु रहेकाले नेपाली कांग्रेसको नेतृत्वमा जनताले देख्ने गरि विकास हुने बताए ।कांग्रेसले गर्न थालेको विकास र नगरपालिकाको समुचित व्यवस्थापनबाट अतालिएर केहि समुह नगरसभामा नआएको भन्दै उनले गठबन्धन आवद्व शक्ति मिलेर नगरपालिकाको विकास गर्नुपर्ने बताए । नगरसभामा गठबन्धन आवद्व माओवादी केन्द्र, नेकपा एस सहितका दलहरुको उपस्थिती थियो। उनीहरुले आफना कुरा र तर्क राख्नु पर्नेमा नगर सभानै बहिष्कार गर्नु एमालेको गल्ती र अनुचित हठ रहेको बताएका थिए ।

एता नगरसभामा एमालेबाट निर्वाचित नगर उपप्रमुख सुनिता सिंह बुढाथोकी सहित एमालेबाट निर्वाचित कुनै पनि प्रतिनिधी भने उपस्थित नभएको बताइएको छ । नगरकार्यपालिकामा एमालेको बहुमत छ। नगरसभाको बन्द सत्र सोमवार नै सुरु भएको र बजेट बाँडफाँडका लागि पाँच सदस्य समिति समेत गठन भएको नगर पालिकाले जनाएको छ ।

# उपराष्ट्रपति यादव आज मटिहानी आउने, नागरिक अभिनन्दन हुने



**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, महोत्तरी**

उपराष्ट्रपति रामसहाय प्रसाद यादवको महोत्तरीमा नागरिक अभिनन्दन हुने भएको छ। मटिहानी नगरपालिका-७ तस्मैयाबाबा उद्यानमा जडान गरिएको ११० फिट अग्लो राष्ट्रिय झण्डा फहराउने कार्यक्रमका लागि आउन लाग्नु भएका उपराष्ट्रपति यादवको भोलि मङ्गलबार नागरिक अभिनन्दन गरिने मटिहानीका नगर प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिनुभएको हो ।

मटिहानी नगर कार्यपालिकाको कार्यालयको निमन्त्रणामा आउन लाग्नुभएका यादवले भोलि मङ्गलबार बिहान ११० फिट अग्लो राष्ट्रिय झण्डा फहराउनु हुनेछ । सोही समारोहमा उहाँको नागरिक अभिनन्दन गरिने समारोह समितिका अध्यक्षसमेत रहनु भएका नगरप्रमुख मण्डलले बताउनुभयो ।

मटिहानी भ्रमणक्रममा उपराष्ट्रपति यादवले पौराणिक एवं धार्मिक महत्वको लक्ष्मीनारायण मन्दिरमा पुजापाठ , सन्त तस्मैया बाबाको समाधीस्थलमा पुष्पगुच्छा अर्पण तथा लक्ष्मीसागर तलाउमा भगवान लक्ष्मीनारायणको महाआरती गर्नुहुने कार्यक्रम छ। यसैगरी उपराष्ट्रपति यादवले मुलुककै जेठो ३०५ वर्ष पहिले स्थापित गुरुकूल (हालको राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानी), महामुनि याज्ञवल्क्य र भगवान लक्ष्मीनारायणका नाउँमा स्थापित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ ( स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने संस्कृत क्याम्पस) र लक्ष्मीनारायण मठको अवलोकन गर्ने कार्यक्रम रहेको मटिहानी नगर कार्यपालिकाको कार्यालयले जनाएको छ ।

यसक्रममा उपराष्ट्रपति यादवले पीरबाबा मजारको दर्शन र मटिहानीस्थित रङ्गशालाको अवलोकन गर्नुहुने जनाइएको छ । हिन्दू सनातन परम्पराका महासन्त तस्मैयाबाबा र इस्लाम परम्पराका सुफी सन्त पीरबाबा १६ औं सताब्दीमा आधुनिक मटिहानीको जग बसाउने व्यक्तित्व मानिनुहुन्छ। त्यसैगरी लक्ष्मीसागर अघि त्रेता युगमा रामसीताको विवाहमा यज्ञवेदी बनाउन माटो खनिएको पवित्रस्थल मानिन्छ । मटिहानी-७ स्थित लक्ष्मीनारायण मठ मुलुकभरिकै वैष्णव मठहरुको नायक मठ रहँदै आएको छ । यसैगरी मटिहानी नगरपालिकाले निर्माण गरेको रङ्गशाला २०७८ मङ्सिर ६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाट्न गर्नुभएको हो ।

# मधेस प्रदेश सरकारका दुई मन्त्री द्वारा राजिनामा

**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, जनकपुर**




मधेश प्रदेश सरकारका दुई मन्त्रीले आफ्नो पदबाट राजिनामा दिएका छन्।

यसरी राजिनामा दिनेहरुमा जनमत पार्टीका बिना विभागीय मन्त्री बसन्त कुशवाहा र राज्यमन्त्री संजयकुमार यादव रहेका छन् ।

राजिनामा सन्दर्भमा कुशवाहाले पार्टीको निर्देशनमा राजीनामा दिएको बताए ।

कुशवाहाले सम्हालेको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय जेठ ९ मा मुख्यमन्त्री सरोजकुमार यादवले खोसेर एकीकृत समाजवादीका गोविन्द न्यौपानेलाई नियुक्त गरेका थिए।

प्रदेश सरकारले चौथो पटक मन्त्रिपरिषद् विस्तार गर्दा जसपाका सुरिता कुमारी साह र जनमतका वसन्त कुशवाहालाई विना विभागीय मन्त्री बनाइएको थियो। त्यसयता दुवै जना विना विभागीय मन्त्रीको हैसियतमा रह्दै आएका थिए।

जनमत पाटीका नेता विपी साहको अनुसार पार्टी सरकारमा रहिरह्ने विना विभागिय मन्त्री द्धयलाई हटाए अर्को दुई जनामा मन्त्रीमण्डलमा पठाउने तयारी गरिएकोछ। नेता साहले दुवै विना विभागिय मन्त्रीलाई हटाएर अब हुने मन्त्रिपरिषद् विस्तारमा प्रमुख सचेतक चन्दन सिंह र राज्यमन्त्रीका लागि दलितबाट प्रतिनिधित्व गर्ने रञ्जु खंगलाई पठाउने तयारीले गरिएको सो बारे छलफल भईरहेको जानकारी दिए।

प्रदेशको मन्त्रिपरिषद् विस्तारका लागि केन्द्रीय राजनीतिले पनि प्रभाव पारेको बुझिएको छ । केन्द्रमा जनमतले उपप्रधानसहित मन्त्रालय पाए पार्टी अध्यक्ष डा.सीके राउत आफैँ सरकारमा जाने स्रोतको भनाइ छ। तर राउतलाई उपप्रधानमन्त्री दिन प्रधानमन्त्री पुष्पकमल दाहालले यसअघि नै अस्वीकार गरिसकेको स्रोत बताउँछ ।

केन्द्रमा जनमतले उपप्रधानमन्त्री पाए प्रदेशमा 'कम्प्रोमाइज' गर्ने स्रोतको भनाइ छ । यस्तै प्रदेश नीति तथा योजना आयोगका सदस्य बचाउन पनि सीके राउतले प्रदेश सरकारको मन्त्रीमा कम्प्रोमाइज गर्ने बुझिएको छ ।

संघीय योजना आयोगका सदस्यमा उनले आफ्नो दाजु डा. जयकान्त राउतलाई नियुक्त गराइसकेका छन् । यता आज मधेश सरकारले छैटौं पटक मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेको छ ।

गृह सञ्चार तथा कानुन मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय अहिले मुख्यमन्त्री सरोजकुमार यादवले आफैंसँग राखेका छन्। यी दुई मन्त्रालयबाट एक मन्त्रालय कांग्रेस र एक जनमतलाई दिने तयारीमा मुख्यमन्त्री यादवले गरेका छन्। कांग्रेसले गृह तथा सञ्चार र जनमतले श्रम तथा यातायात मन्त्रालय पाउने सम्भावना रहेको छ।

यता कांग्रेसको भागमा गृह, सञ्चार तथा कानुन मन्त्रालय परे पनि जनमतले सभामुख हटाउन सहयोग गरे उक्त मन्त्रालय जनमतलाई नै दिन कांग्रेस तयार रहेको जनाइएको छ ।

नेकपा एमालेका रामचन्द्र मण्डल अहिले मधेस प्रदेशका सभामुख छन् । एमाले सरकारबाट बाहिरिए पछि सभामुख पनि कसरी हटाउन सकिने प्रयासमा काँग्रेस सुरु देखि लागि रहेको छ।

# क्षीरेश्वरनाथ नगरपालिका द्वारा स्थानीय खेलाडीहरुलाई ट्र्याकसुट वितरण



**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाले खेल र खेलाडीहरुलाई प्रोत्साहन तथा खेल प्रति आकर्षण बढाउन स्थानीय खेलाडीहरुलाई ट्र्याकसुट वितरण गरेको छ।

क्षीरेश्वर स्पोटर्स क्लवका खेलाडीहरुलाई मेयर सुखदेव यादवले ट्याक सुट वितरण गरेका हुन् ।

मेयर यादवले खेलाडीहरुलाई ट्याकसुट वितरण पश्चात खेलकुद क्षेत्रलाई उपेक्षा गर्नु नहुने धारणा व्यक्त गरे।

मेयर यादवले खेलकुद क्षेत्रमा पूर्वाधारको कमी रहेको भन्दै देशको सान राख्न खेलकुद क्षेत्रको पूर्वाधार बढाउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकाले विषेश योजना बनाएर अघि बताए। उनले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखिएको युवाहरुलाई खेलतर्फ रुचि बढाएर दक्ष खेलाडी उत्पादन गर्ने हेतुले नगरपालिकाले विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गर्ने बताए।सो अवसरमा क्षीरेश्वर स्पोटर्स क्लवका अध्यक्ष रामकेवल मुखियाले नगरपालिकाले कबडी, फुटवल, कराँते लगायतका इन्टर नेशनल लेभलका स्थानीय खेलाडीहरु रहेको हुँदा खेलाडीको हौसला बढाउन कोचको रुपमा नयाँ नयाँ खेलाडी तयार गर्नको लागि भत्ताको व्यवस्था गर्नु पर्ने माग गरे ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा